# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः२०८१।०८२
चलानी नं.: ११६८

मितिः२०८१।०७।२९

**विषयः निर्णय प्रतिलिपि पठाइएको सम्बन्धमा।**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरवार, काठमाण्डौ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक।
श्रीमान् प्रमुखज्यू/श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका।
श्री वडा अध्यक्षज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री कार्यपालिका सदस्यज्यूहरू (सबै), बनेपा नगरपालिका।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका।
बनेपा नगरपालिका।
श्री ................................ शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१ कार्तिक २७ गते बसेको कार्यपालिका बैठकको निर्णय प्रतिलिपि यसै पत्र साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

**कार्यार्थ**
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका।
- वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने।

..............................
पोषण लामिछाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्याः ५४

आज मिति २०८१ साल कार्तिक २७ गते मंगलबार दिनको २:०० बजे देहायका विषयहरूमा छलफल गर्न नगर प्रमुख श्री शान्ति रत्न शाक्यज्यूको अध्यक्षतामा निम्नानुसारका सदस्यहरूको उपस्थितिमा बसेको बनेपा नगरपालिका, नगर कार्यपालिकाको बैठकले तपसिल बमोजिम निर्णयहरू गरेको छ।

-:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम,थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्ति रत्न शाक्य | |
| २ | उप प्रमुख | श्री विमला सापकोटा दाहाल | |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | |
| ४ | सदस्य (वडा नं. २) | श्री राम प्रसाद घिमिरे | |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्याम सुन्दर श्रेष्ठ | |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभ लक्ष्मी मानन्धर | |
| ११ | का.वा.सदस्य (वडा नं. ९) | श्री मनिषा तामाङ | |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्र बहादुर खड्का | |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | |
| १४ | सदस्य (वडा नं. १२) | श्री राम बहादुर कुँवर | |
| १५ | सदस्य (वडा नं. १३) | श्री राम लाल दुवाल | |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | |
| १७ | सदस्य | श्री सुभद्रा बजगाईं | |
| १८ | सदस्य | श्री समिता थापा | |
| १९ | सदस्य | श्री ज्योती बोगटी | |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | |
| २३ | सदस्य | श्री कमला परियार | |
| २४ | सदस्य | श्री रवीन्द्र सुनार | |
| २५ | सचिव (प्र.प्र.अ.) | श्री पोषण लामिछाने | |
| २६ | प्र.स. | श्री यादव खनाल | |

प्रमुख प्रशासकीय अधिकृत प्रमुख

-::छलफलका विषयहरू::-

१) योजना कार्यान्वयन सम्बन्धमा।

२) विपद व्यवस्थापन सम्बन्धमा।

३) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनयन सम्बन्धमा।

४) शीर मेमोरियल अस्पतालसँग सहकार्य गरी आमा सुरक्षा कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

५) नगरस्तरीय स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति गठनका लागि समिति सदस्यहरू तोक्ने सम्बन्धमा।

६) बनेपा आधारभूत नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्ने सम्बन्धमा।

७) बनेपा नगरपालिकाका लागि आवश्यक एम्बुलेन्स खरिद प्रकृया अघि बढाउने सम्बन्धमा।

८) "घ" वर्गका निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

९) विविध

-::निर्णयहरू::-

| क्र.सं. | छलफलका विषय | निर्णय |
|---|---|---|
| शिर मेमोरियल अस्पताल, बनेपामा स्वास्थ्य उपचार गराइरहनु भएका यस नगरपालिकाका उप-प्रमुख श्री विमला सापकोटा दाहालज्यूलाई पूर्ण शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने। | | |
| १ | योजना कार्यान्वयन सम्बन्धमा। | क) यस आ.व. २०८१/८२ मा संचालन हुने नगरस्तरी तथा वडा स्तरीय योजनाहरूमध्ये उपभोक्ता समिति गठन गरेर संचालन गरिने योजनाहरू र नियमानुसार सोझै ठेक्का प्रकृया मार्फत संचालन गरिने योजनाहरूको मंसिर मसान्तभित्र सम्झौताको कार्य सम्पन्न गरिसक्ने।<br>ख) उपभोक्ता समितिमार्फत संचालन हुने रू. ३,००,०००/- (तीन लाख) सम्मका योजनाहरूलाई पेश्की रकम उपलब्ध नगराउने।<br>ग) पुरातत्व, खानेपानी, वनभित्रका पार्क निर्माण र धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदासँग सम्बद्ध आयोजनाहरूको निर्माण कार्य गर्दा उपभोक्ता समिति गठन गरी निर्माण प्रकृया अघि बढाउन सकिने।<br>घ) उपभोक्ता समिति गठन गरी संचालन गरिने योजनाहरूको सम्झौता गर्दा समितिका अध्यक्षको रोहवरमा सम्झौता हुने व्यवस्था मिलाउने। |
| २ | विपद व्यवस्थापन सम्बन्धमा। | मिति २०८१/०७/२७ गते मंगलबार दिउँसो १२:०० बजे बसेको यस बनेपा नगरपालिकाको नगरस्तरीय विपद व्यवस्थापन समितिको बैठकको निर्णयलाई अनुमोदन गर्ने। |
| ३ | नगरस्तरीय स्थानीय स्वास्थ्य संस्था संचालन तथा | बनेपा आधारभूत नगर अस्पतालका प्रमुख १ जना र बनेपा नगरपालिका अन्तर्गत संचालित १५ वटा आधारभूत स्वास्थ्य |

| | | |
|---|---|---|
| | व्यवस्थापन समिति गठनका लागि समिति सदस्यहरू तोक्ने सम्बन्धमा। | सेवा केन्द्रमा कार्यरत ईन्चार्जहरूमध्ये वरिष्टतम् एकजना गरी जम्मा दुईजना स्वास्थ्यकर्मीहरूलाई सो समितिको सदस्य तोक्ने। |
| ४ | बनेपा आधारभूत नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्ने सम्बन्धमा। | बनेपा आधारभूत नगर अस्पतालमा स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न देहाय बमोजिमका आवश्यक आधारभूत पूर्वाधारहरुको खरिद/व्यवस्थापन प्रकृया अघि बढाउने।<br>क) स्वास्थ्य बीमा कार्यक्रम संचालन सम्बन्धी अनलाइन सफ्टवेयर नगर अस्पताल प्रयोगशाला, वर्थिङ सेन्टर र अन्य व्यवस्थापन शीर्षकबाट खर्च हुनेगरी खरिद प्रकृया अघि बढाउने।<br>ख) अत्याधुनिक एक्स-रे मेसिन खरिद प्रकृया अघि बढाउने। सो एक्स-रे मेसिन खरिदका लागि १४ वटै वडा कार्यालयहरूलाई विनियोजन गरिएको कार्यालय संचालन तथा प्रशासनिक खर्च शीर्षकबाट रू. १/१ लाख गरी जम्मा रू. १४,००,०००/-(चौध लाख मात्र) तथा अपुग रकमको हकमा मागमा आधारित योजना (कार्यपालिकाले अनुमोदन गर्नेगरी नगर प्रमुख र उपप्रमुखको सिफारिसमा गर्ने) शीर्षकबाट खर्च हुनेगरी खरिद प्रकृया अघि बढाउने।<br>ग) स्वास्थ्य बीमा कार्यक्रम संचालनका लागि आवश्यक डेण्टल चेयर बनेपा आधारभूत नगर अस्पतालमा स्वास्थ्य बीमा संचालन शीर्षकबाट खर्च हुनेगरी खरिदको प्रकृया अघि बढाउने। |
| ५ | "घ" वर्गका निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा। | मिति २०८१ कार्तिक २६ गते बसेको विधायन समितिको बैठकबाट सिफारिस भई आए बमोजिम हुनेगरि "घ" वर्गका निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ मा देहाय बमोजिम संशोधन गर्ने।<br>१) बनेपा नगरपालिकाको "घ" वर्गका निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ (३) पछि निम्नानुसारको दफा ४(३) (क) थप गर्ने।<br>दफा ४(३)(क) : दफा ४(३)(क) मा जुनसुकै कुरा लेखिएको भएता पनि उल्लेखित बमोजिम ६ (छ) महिना म्याद पनि नाघेको अवस्थामा नवीकरणको लागि निवेदन दिन आएमा एक पटकको लागि अनुसूची २(१) मा भएको दस्तुर र वार्षिक रूपमा लाग्ने दस्तुरमा थप रू. १२,०००/- (बाह्र हजार रूपैंया मात्र) दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरिदिन सक्नेछ।<br>२) अनुसूची २ मा संशोधनः अनुसूची २ को क्र.सं. १ मा संशोधनः |

प्रशासकीय अधिकृत प्रमुख

| | | |
|---|---|---|
| | | इजाजत पत्र दस्तुर रू. ३,०००/- भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको।<br>इजाजत नवीकरण दस्तुर रू. ३,०००/- भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको।<br>इजाजत नवीकरण इजाजत थप दस्तुर रू. ६,०००/- भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको।<br>इजाजत पत्र प्रतिलिपि दस्तुर रू. ५००/- भएकोमा आर्थिक ऐनमा व्यवस्था भए अनुसार भनी संशोधन गरिएको।<br>३) अनुसूची २ मा संशोधनः अनुसूची २ को क्र.सं. १ पछि क्र.सं. २ थप गरी क्र.सं. २ को इजाजत पत्र नवीकरण थप दस्तुरमा रू. १२,०००/- (बाह्र हजार रूपैंया मात्र) भनी संशोधन गरिएको।<br>४) दफा ५ (३) मा उल्लेख भएको "दफा ३ को उपदफा ३ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत पत्र स्वतः खारेज हुनेछ" भन्ने शब्दहरूको सट्टा "दफा ३ को उपदफा ३ बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजत दफा (४) (३) (क) बमोजिम नवीकरण नभएमा स्वतः खारेज हुनेछ" भनी संशोधन गरिएको।<br>५) दफा (५) (४) मा भएको उपदफा (१) वा (३) बमोजिम पछि "दफा (४) (३) (क) थप गरिएको छ। |
| ६ | लागत साझेदारी प्रतिवद्धता सम्बन्धमा। | भारत सरकारको सहयोगमा संचालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) को लागत साझेदारीमा बनेपा-१३ मा रहेको श्री चक्रज्योति माध्यमिक विद्यालयमा विद्यालय भवन (२० कोठे), विद्यार्थी बस २ वटा, स्टाफ भ्यान १ वटा, कम्प्युटर ६० वटा, कम्प्युटर ल्याब ३ वटा र पुस्तकालय लगायतका वस्तु तथा सेवा सहायता सहितको पूर्वाधार निर्माणका लागि नगरपालिकाको तर्फबाट लागत साझेदारी प्रतिवद्धता गर्ने। |
| ७ | सरकारी कागजात किर्ते गर्ने कर्मचारीलाई कारवाही गर्ने सम्बन्धमा। | बनेपा नगरपालिकाको दर्ता चलानी शाखामा कार्यरत सहायकस्तर पाँचौं तहका कर्मचारी श्री अनोज पोटेले बागमती प्रदेश सरकारद्वारा जारी स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ११८ को २ (क) बमोजिम हुनेगरी विभिन्न मिति र समयमा कार्यालयीय कागजात किर्ते गरेको, अधिकृत स्तरका कर्मचारीको हस्ताक्षर किर्ते गरेको तथा नगरपालिकाको राजस्व अपचलन गरेको पाइएकोले सो सम्बन्धमा निज कर्मचारीलाई अभियोग गरी अभियोगको जाँचबुझ गर्नु पेरकोले ऐ.ऐ. ऐनको दफा १२१ को व्यवस्था बमोजिम अभियोगको जाँचबुझ समाप्त नहुन्जेलसम्मका लागि मिति २०८१ कार्तिक २ गतेदेखि लागू हुनेगरी |

अधिकृत प्रमुख

| | | |
|---|---|---|
| | | निलम्बन गर्ने र आवश्यक कारवाहीका लागि आवश्यक कागजात सहित सक्कल फाइल जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक पठाउने |
| ८ | उपचारको रकम भुक्तानी सम्बन्धमा। | यस नगरपालिकामा कार्यरत नगर प्रहरी जवान अञ्जना थापामाथी मिति २०८१/०१/२५ गते बनेपा नगरपालिकाबाट ड्युटीमा खटिई सडकछेउमा राखिएका ठेलागाडा हटाउने क्रममा ठेलागाडामा पसल राख्ने व्यक्तिहरूबाट कुटपिट हुँदा गम्भीर चोटपटक लागेको र चोटपटकको उपचारका क्रममा भएको सम्पूर्ण खर्च अस्पतालका बिल भरपाई तथा कागजात प्रमाणका आधारमा नगरपालिकाले भुक्तानी दिने। |
| ९ | आर्थिक सहायता सम्बन्धमा। | मिति २०८१ असोज १० देखि १२ गतेसम्मको अविरल वर्षाका कारण यस नगरपालिकामा कार्यरत नगर प्रहरी जवान द्वय दिपक मैनाली र रीता तिमल्सिनाको घरमा क्षति पुगेको भनी आर्थिक सहायताको लागि निवेदन पेश भएकोमा निजहरूलाई प्रतिव्यक्ति रू. ५/५ हजारका दरले आर्थिक सहायता उपलब्ध गराउने। |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख